प्रदेश वन निर्देशनालय
समृद्धिको लागि वन परियोजना
प्रदेश परियोजना व्यवस्थापन इकाई
मधेश प्रदेश, जनकपुरधाम

# समृद्धिको लागि वन परियोजना: लैङ्गिक दुर्व्यवहार, यौन शोषण र यौनजन्य दुर्व्यवहार (SEA/SH) विरुद्ध शून्य सहिष्णुता नीति

## परियोजनाको परिचय

नेपाल सरकार तथा विश्व बैङ्कको संयुक्त प्रयासबाट नेपालको लुम्बिनी प्रदेश तथा मधेश प्रदेशमा दिगो वन व्यवस्थापन, साना तथा वन उद्यमहरुलाई प्रवर्धन र सहयोग परिचालनको लागि यो परियोजना वन लगानी कार्यक्रम अन्तरगत तर्जुमा भएको हो। यस परियोजना विश्व बैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व बैङ्क बीच सन २०२१ मार्च १९ मा सम्झौता भै वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैङ्क र विश्व बैङ्कले संयुक्त रुपमा कार्यान्वयन गर्ने परियोजना हो। यो परियोजना प्रदेश स्तरमा मधेश तथा लुम्बिनी प्रदेशमा लागु भएको छ। यस परियोजनाको केन्द्रमा केन्द्रिय परियोजना व्यवस्थापन इकाई रहेको छ भने, प्रदेश स्तरमा प्रदेश वन तथा वातावरण मन्त्रालय मातहतको प्रदेश वन निर्देशनालय अन्तर्गत प्रदेश परियोजना व्यवस्थापन इकाई रहेका छन। दुवै प्रदेशका २५–२५ गरि ५० वटा पालिकाहरुको वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको लागि कार्य गर्नेछ। यसै गरी कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने इकाईको रुपमा कार्य गरिरहेको छ। यस परियोजनाका लागि विश्व बैङ्कले २ करोड ४० लाख यु एस डलर करिब ३ अरव नेपाली रुपिया लगानी उपलब्ध गराएको छ। यसमध्ये २५.५ प्रतिशत अनुदान ६१ लाख यु एस डलर तथा ७४.५ प्रतिशत ऋण १ करोड ७९ लाख यु एस डलर सहायता रहेको छ। लगानी गर्दै जाँदा प्रतिफल तथा उपलब्धीको आधारमा थप लगानी हुने संभावना रहेको छ। समृद्धिका लागि वन परियोजना मधेश प्रदेशका कार्यक्षेत्र प्रस्तुत चित्रमा चित्रण गरिएको छ।




समृद्धिका लागि वन परियोजना, मधेश प्रदेशको कार्य क्षेत्र

## गुनासो निवारण संयन्त्र र व्यवस्थापन प्रक्रिया

### पृष्ठभूमी

समृद्धिका लागि वन परियोजनाको सहयोगमा कुनै पनि क्रियाकलाप कार्यान्यनको चरणमा जनताको असन्तुष्टि, सिकायत, उजुरी एवं गुनासो सुन्न, त्यसको व्यबस्थापन तथा सम्वोधन गर्न, सेवा एवं कार्यक्रममा नागरिकको पहुँच, सम्लग्नता तथा सहभागिता वृद्धि गरि नियमित रुपमा सुझाव एवं पृष्ठपोषण लिन, जनउत्तरदायी ढङ्वाट कुशलतापुर्बक, पारदर्शिता रुपमा सेवा सुविधा समयमै उपलब्ध गराउन कुनै व्यक्ती, समुदाय वा समुदायको वरिपरिको वातावरण तथा कुनै प्राकृतिक वातावरण, वनस्पति, जैविक

विविधतामा नकारात्मक असर पर्ने गरी कुनै पनि हानी वा नोक्सानी पुग्न गएको छ भने कुनै व्यक्ति वा समुदाय वा संस्थाले कुनै सुझाव वा पृष्ठपोषण दिने वा आफ्नो गुनासो पे श गर्ने अधिकारलाई यस परियोजनाले पनि आत्मसात गरेको छ। परियोजनाको सेवा सुविधामा नागरिकको पहुँच, सहभागितामा वृद्धि गरि सुशासनको प्रत्याभूति दिलाउन तिनका असन्तुष्टि, सिकायत वा उजुरी तथा गुनासो सुनुवाई तथा निर्धारणका लागि परियोजनाले रेड कार्यन्वयन केन्द्र, प्रदेश परियोजना व्यवस्थापन इकाई, डिभिजन वन कार्यालय, देखि पालिका स्तर सम्म सस्थागत गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरेको छ। साथै लैङ्गिक दुर्व्यवहार, यौन शोषण र यौनजन्य दुर्व्यवहार (SEA/SH) विरुद्ध शून्य सहिष्णुता नीति लिएको छ। परियोजना लागु भएका मधेश प्रदेशका २५ वटै स्थानीय पालिकाहरुमा स्थानीय न्यायिक समितिलाई सहयोगको लागि लैङ्गिक फोकल व्यक्ति पनि तोकिएको छ।

विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित **समृद्धिको लागि वन परियोजनाको** कार्यान्वयनका क्रममा, हामी सम्पूर्ण सरोकारवालाहरू (कर्मचारी, साझेदार, परामर्शदाता, ठेकेदार, समुदायका सदस्यहरू र लाभग्राहीहरू) का लागि सुरक्षित र सम्मानजनक वातावरण सुनिश्चित गर्न प्रतिबद्ध छौं।

यसै सन्दर्भमा, परियोजनाले लैङ्गिक दुर्व्यवहार, यौन शोषण र यौनजन्य दुर्व्यवहार (Sexual Exploitation, Abuse, and Sexual Harassment - SEA/SH) विरुद्ध **शून्य सहिष्णुता** (Zero Tolerance) को नीति अवलम्बन गरेको छ। यस्ता कार्यहरूलाई कुनै पनि हालतमा स्वीकार नगरिने हाम्रो दृढ प्रतिबद्धता रहेको छ।

## SEA/SH भनेको के हो?

- **यौन शोषण (Sexual Exploitation):** यौनजन्य प्रयोजनका लागि जोखिम, भिन्न शक्ति वा विश्वास को स्थितिको वास्तविक दुरुपयोग वा त्यसको प्रयास गरिएको अवस्था।
- **यौनजन्य दुर्व्यवहार (Sexual Abuse):** कुनै व्यक्तिको इच्छा विपरीत जबरजस्ती यौनसम्बन्धी व्यवहार, शारीरिक, मौखिक वा संकेत मार्फत गरिने कुनै पनि यस्तो कार्य बुझिन्छ, जसले पीडितलाई असहज, त्रसित वा अपमानित महसुस गराउँछ। यो शारीरिक वा मानसिक दुर्व्यवहार कुनै पनि हुन सक्छ।
- **यौनजन्य उत्पीडन (Sexual Harassment):** यौनजन्य प्रकृतिका अवाञ्छित व्यवहार, टिप्पणी वा गतिविधिहरू जसले अपमानजनक, शत्रुतापूर्ण वा असहज वातावरण सिर्जना गर्छ।

## हाम्रो प्रतिबद्धता

- **सुरक्षित वातावरण:** परियोजनाले काम गर्ने ठाउँमा सुरक्षित र सम्मानजनक वातावरण कायम गर्न हामी प्रतिबद्ध छौँ।
- **शून्य सहिष्णुता:** SEA/SH का कुनै पनि घटनालाई हामी स्वीकार गर्दैनौँ र दोषीलाई कारबाही गरिनेछ।
- **गोपनीयता र सम्मान:** उजुरीकर्ताको गोपनीयताको पूर्ण सम्मान गरिनेछ र उनीहरूलाई कुनै पनि प्रकारको प्रतिशोधबाट संरक्षण गरिनेछ।
- **क्षतिपूर्ति र सहयोग:** पीडितलाई आवश्यक सहयोग र परामर्श सेवा उपलब्ध गराइनेछ।



## गुनासो सम्बोधनका लागि व्यवस्था

समृद्धिको लागि वन परियोजनामा गुनासो सम्बोधनका लागि बहु-स्तरीय संयन्त्रको व्यवस्था गरिएको छ। यदि तपाईंले SEA/SH को कुनै घटना देख्नुभयो वा अनुभव गर्नुभयो भने, तपाईंले निम्न निकायहरूमा उजुरी गर्न सक्नेछ।

### १. स्थानीय तह: २५ वटा स्थानीय पालिकाहरू

- ☞ प्रत्येक स्थानीय पालिकाहरुमा गुनासो सुनुवाइका लागि स्थानीय न्यायिक समिति/ तोकिएको लैङ्गिक फोकल पोइन्ट वा गुनासो पेटिकाको व्यवस्था गरिएको छ।
- ☞ तपाईंले आफ्नो पालिका कार्यालयमा सम्पर्क गर्न सक्नुहुन्छ।

### २. डिभिजन वन कार्यालय

- ☞ नजिकको डिभिजन वन कार्यालयमा सम्पर्क गरी गुनासो दर्ता गर्न सक्नुहुन्छ।
- ☞ प्रत्येक डिभिजन वन कार्यालयमा गुनासो व्यवस्थापनका लागि जिम्मेवार अधिकारी तोकिएको हुन्छ।

### ३. प्रदेश स्तरीय गुनासो सुनुवाई समिति (प्रदेशमा)

- ☞ प्रदेश स्तरमा, प्रदेश वन तथा वातावरण मन्त्रालयका श्रीमान् सचिव ज्यूको अध्यक्षता तथा प्रदेश परियोजना संयोजकको संयोजकत्वमा गुनासो सुनुवाई समिति गठन भएको छ। यस समितिले प्रदेश अन्तर्गतका गुनासोहरूको सुनुवाई र सम्बोधन गर्दछ।
- ☞ यस समितिमा गुनासो दर्ताका लागि प्रदेश परियोजना व्यवस्थापन इकाईमा सम्पर्क गर्न सकिन्छ।

### ४. रेड कार्यान्वयन इकाई (संघमा)

- ☞ संघीय स्तरमा रहेको रेड कार्यान्वयन इकाई परियोजनाको समग्र गुनासो व्यवस्थापनको लागि जिम्मेवार छ।
- ☞ गम्भीर प्रकृतिका वा स्थानीय/प्रदेश स्तरमा सम्बोधन हुन नसकेका गुनासोहरू सिधै यहाँ दर्ता गर्न सकिन्छ।

यदि तपाईं माथिका कुनै पनि माध्यमबाट सन्तुष्ट हुनुभएन वा सिधै विश्व बैंकलाई जानकारी गराउन चाहनुहुन्छ भने, तपाईं सिधै विश्व बैंकको उजुरी संयन्त्रमा वा कानुनीरुपमा उपचारको लागि अदालतमा उजुरी गर्न सक्नुहुन्छ।

## उजुरी प्रक्रिया

- ☞ तपाईंले मौखिक वा लिखित रूपमा गुनासो दर्ता गर्न सक्नुहुन्छ।
- ☞ गुनासोकर्ताको गोपनीयताको पूर्ण सम्मान गरिनेछ।
- ☞ हरेक गुनासोलाई गम्भीरतापूर्वक लिइनेछ र निष्पक्ष छानबिन गरिनेछ।
- ☞ छानबिनपछि प्रचलित कानून को दायरामा रही उचित कारबाही गरिनेछ र आवश्यक भएमा पीडितलाई परामर्श उपलब्ध गराइनेछ।

"तपाईंको सानो कदमले ठूलो परिवर्तन ल्याउन सक्छ। हामी सबै मिलेर समृद्धिको लागि वन परियोजनालाई सबैका लागि सुरक्षित र सम्मानजनक बनाऔं!"




नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.

CIF CLIMATE INVESTMENT FUNDS

THE WORLD BANK

*तयार गर्ने: भगवती खांण (सामाजिक सुरक्षा तथा लैंगिक विज्ञ) र अजित श्रीवास्तव (वातावरणीय सुरक्षा विज्ञ)*